त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
Ph. No. +977-014244047

# त्रि–चन्द्र बहुमुखी क्याम्पस
# Tri-Chandra Multiple Campus

स्थापित : १९७५ वि सं / Estd. 1918 A.D.

क्याम्पस प्रमुखको कार्यालय
Office of the Campus Chief

सरस्वती सदन, घण्टाघर, काठमाडौं, नेपाल
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal

पत्र संख्या / Ref. No.:-

मिति २०८२।०५।१०

## त्रि-चन्द्र क्याम्पसको १०८औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा मंगलमय शुभकामना !

त्रि-चन्द्र क्याम्पसको १०८औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण त्रि-चन्द्र परिवार (शिक्षक, कर्मचारी, विद्यार्थी, पूर्व विद्यार्थी, अभिभावक तथा शुभेच्छुकहरू) लाई हार्दिक बधाई तथा मंगलमय शुभकामना !

सन् १९१८ देखि त्रि-चन्द्र क्याम्पसले शिक्षा, समाज र राष्ट्रनिर्माणमा अमूल्य योगदान दिँदै आएको छ। यो केवल एउटा शैक्षिक थलो मात्र नभई परिवर्तन र प्रगतिको सशक्त बाहक पनि हो। हामी त्रि-चन्द्रलाई अनुसन्धान, नवप्रवर्तन र उत्कृष्ट शिक्षाको प्रतिष्ठित केन्द्र बनाउने संकल्प गर्दछौं। स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनले एकता र सहकार्यको नयाँ युग प्रारम्भ भएको छ। प्रिय शिक्षक, कर्मचारी, विद्यार्थीहरू, तपाईंहरूको निरन्तर प्रयासले त्रि-चन्द्रको उज्ज्वल भविष्य सुनिश्चित हुनेछ।

त्रि-चन्द्रले नेपाली युवामा बहादुरी, चिन्तनशीलता र नेतृत्वको संस्कार प्रवाह गरेको छ। यहाँ जन्मेका विचार र संघर्षहरूले नेपालको इतिहासमा नै प्रभाव पारेको सर्वविदितै छ। हामी सबैले मिलेर यस संस्थालाई अझ सशक्त, समावेशी र प्रगतिशील बनाउने जिम्मेवारी वहन गर्नुपर्छ ताकि त्रि-चन्द्रले आगामी पुस्तालाई गुणस्तरीय शिक्षा र अवसर प्रदान गर्न सकोस्।

..............................

प्रा. डा. निलम श्रेष्ठ प्रधान
क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस